कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

प.सं.:- २०७८/०७९(प्रशासन)
च.नं. :-१०२६

मितिः २०७९/०१/१३

श्री वडा कार्यालय वडा नं. २,३,४,६,७,९,१४,
कोहलपुर नगरपालिका, बाँके ।

श्री सरोकारवाला सबै ।

विषयः सेवा प्रवाह सम्बन्धमा।

प्रस्तुत विषयमा कोहलपुर नगर कार्यपालिकाको मिति २०७९/०१/१३ गतेको बैठकबाट नगरपालिका एवं वडा कार्यालयबाट प्रदान हुने सेवा सञ्चालनको विषयमा देहाय बमोजिम गर्ने निर्णय भएकाले सोही बमोजिम गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ।

देहायः

"नगरपालिकाका उपप्रमुख लगायत वडा नं. १ देखि १५ सम्मका केही वडा अध्यक्ष, वडा सदस्य एवं कार्यपालिका सदस्य पदमा निर्वाचित सदस्यहरु मध्ये अधिकांश सदस्यहरुले राजिनामा दिई सो पदहरु रिक्त भएको हुँदा प्रचलित कानून वा नेपाल सरकारले अन्यथा व्यवस्था भए सोही बमोजिम हुने गरी हाललाई नेपालको संबिधान एवं स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११६ को अधिनमा रही देहाय बमोजिम सेवा प्रवाह नियमित गर्ने ।

१. उपप्रमुखले सम्पादन गर्नुपर्ने कार्यहरु मध्ये योजनाहरुको अनुगमनको सन्दर्भमा अनुगमन समितिका बरिष्ठतम सदस्य श्री रेशम बहादुर खत्री संयोजक रहने गरी रिक्त दुई वटा सदस्यहरुमा वडा नं. ५ का वडा अध्यक्ष श्री विष्णुप्रसाद तिवारी र कार्यपालिका सदस्य श्री लिला पाण्डेलाई जिम्मेवारी तोक्ने ।

२. वडा अध्यक्षले राजिनामा दिई रिक्त भएको अवस्थामा बहालवाला वडा सदस्यहरुले आफूहरु मध्येबाट छनौट गरेको सदस्यले कार्यवाहक वडा अध्यक्ष भई काम गर्ने । छनौट हुन नसकेमा उमेरको आधारमा जेष्ठ सदस्यले गर्ने ।

३. वडा अध्यक्ष लगायत सबै सदस्यहरुको पद रिक्त भएको अवस्थामा ऐनको दफा ११६(२) बमोजिम वडासचिवले वडाअध्यक्षको कार्य गर्ने । वडासचिव बिदा वा रिक्त भएको अवस्थामा निज मातहतको प्रशासन सेवा तर्फको सहायक कर्मचारीले उक्त कार्य सम्पादन गर्ने ।"

..................
(टिकाराम ढकाल)
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थः
श्री जिल्ला प्रशासन कार्यालय, बाँके ।
श्री भुमिसुधार तथा मालपोत कार्यालय, बाँके ।